# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्
रामशाह पथ, काठमाडौं
फोन नं. ०१-४२५४२२०

## सेवा करारमा कर्मचारी लिनेबारे सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०५।२०**

यस परिषद्को आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न अनुसन्धान कार्यक्रमहरू सञ्चालन गर्नका लागि चाहिने आवश्यक जनशक्तिहरू खुल्ला प्रतियोगिताद्वारा करार सेवामा पूर्ति गर्नुपर्ने भएको हुँदा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सार्वजनिक बिदा बाहेक ७ (सात) दिनभित्र तोकिए बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट परिषद्द्वारा प्रेषित नमूना बमोजिमको ढाँचामा निम्नानुसार दरखास्त आव्हान गरिएको छ। दरखास्त फाराम नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यालयमा आई बुझाउनु पर्नेछ। यस सम्बन्धमा विस्तृत जानकारीका लागि परिषद्को वेबसाइट **www.nhrc.gov.np** र **सूचना** पाटीमा हेर्न सकिनेछ।

**(क) पद, आवश्यक संख्या तथा न्यूनतम योग्यता :**

| क्र. सं. | पद | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १. | विज्ञापन नं. ०१,०२,०३/२०८०/०८१ अनुसन्धान अधिकृत | २२ जना | जनस्वास्थ्य, स्वास्थ्य, वातावरण स्वास्थ्य वा विज्ञान, तथ्याङ्कशास्त्र, समाजशास्त्र, फार्मेसी वा चिकित्सा विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको वा जनस्वास्थ्य, स्वास्थ्य, वातावरण स्वास्थ्य, तथ्याङ्कशास्त्र, समाजशास्त्र, फार्मेसी वा चिकित्सा विषयमा स्नातक उत्तीर्ण गरी स्वास्थ्य अनुसन्धान सम्बन्धी २ वर्षको कार्य अनुभव भएको। |
| २. | विज्ञापन नं. ०४/२०८०/०८१ प्रशासन सहायक | २ जना | प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको |
| ३. | विज्ञापन नं. ०५/२०८०/०८१ लेखा सहायक | २ जना | व्यवस्थापन विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको |
| ४. | विज्ञापन नं. ०६/२०८०/०८१ स्टोर सहायक | १ जना | व्यवस्थापन विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको |

**परीक्षाको किसिम** : अन्तर्वार्ता
**पदको किसिम** : सेवा करार
**सेवा करारको अवधि** : चालु आर्थिक वर्षका लागि
**तलब तथा सुविधा** : परिषद्को नियम अनुसार
**दरखास्त फाराम तथा परीक्षा दस्तुर** : रु. १,२००।- (अनुसन्धान अधिकृत) र रु. ७००।- (सहायक स्तर)

**नोट :**

१. फर्म स्वीकृत भए पश्चात् परीक्षा दस्तुर बापतको रकम परिषद्को तल उल्लेखित बैङ्कको खातामा तोकिएको म्यादभित्र जम्मा गरेको सक्कलै भौचर दरखास्त फारामसाथ बुझाउनुपर्नेछ।
   **Bank Name : Standard Chartered Bank Nepal Ltd.**
   **Account Name : Nepal Health Research Council**
   **Account Number : 18-0018546-06**
   **Branch : New Baneshwor, Kathmandu**
२. अन्तर्वार्ता मिति पछि परिषद्को वेबसाइट मार्फत प्रकाशन गरिनेछ।

पदपूर्ति समिति
ने.स्वा.अ.परिषद